मिति: २०८२/०९/२३ कार्यपालिका बैठक संख्या:- ६

आज मिति २०८२ पौष २३ गते बुधबारको दिन नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको अध्यक्ष श्री नुर्बु स्याइबो घलेज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायको प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिति:-

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङ्बो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडाध्यक्ष- १ नं. वडा | |
| ४ | डावु ग्याल्बो थोक्रा | वडाध्यक्ष- २ नं. वडा | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडाध्यक्ष- ३ नं. वडा | |
| ६ | ज्ञानी वाईवा | वडाध्यक्ष- ४ नं. वडा | |
| ७ | श्याम बहादुर थिङ | वडाध्यक्ष- ५ नं. वडा | |
| ८ | यो नुर्पु तामाङ | वडाध्यक्ष- ६ नं. वडा | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङ्नी | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङ्नी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुर्य बहादुर तामाङ | सचिव | |

मितिः २०८२/०९/२३

कार्यपालिका बैठक संख्याः- ६

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. उद्यम विकास शाखा अन्तर्गत कार्यक्रममा फर्महरु छनोट सम्बन्धमा ।
३. कृषि विकास शाखा अन्तर्गत कार्यक्रममा कृषि सहकारी तथा फर्म सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

निर्णयहरुः-

१. यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन भएको भन्ने समिक्षा गरियो ।

२. यस गाउँपालिकामा कार्यरत सि.अ.हे.व. (पाचौं) श्री हर्क बहादुर तामाङ (क.सं.नं. २०६०३८) लाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० अनुसार मिति २०८२/१०/०१ गते देखि लागु हुने गरी देहाय बमोजिम तह वृद्धि गर्ने निर्णय गरियो ।

| हालको तह | तह वृद्धि हुने तह |
|---|---|
| तहः अधिकृतस्तर पाचौं<br>पदः सि.अ.हे.व.<br>सेवाः स्थानीय स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्सपेक्सन | तहः अधिकृतस्तर छैठौं<br>पदः सि.अ.हे.व. अधिकृत<br>सेवाः स्थानीय स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्सपेक्सन |

३. नौकुण्ड गाउँपालिकाको निर्वाहमुखि पशुपालन प्रणालीलाई आधुनिकीकरण, विविधीकरण, व्यवसायीकरण गरि प्रतिस्पर्धात्मक ढंगबाट दुध आयातलाई प्रतिस्थापन गरी दुध निर्यात गरेर दुध तथा दुग्ध व्यवसायमा संलग्न कृषकहरुको आयस्तर वृद्धि गर्दै ग्रामिण अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउन वाञ्छनीय भएकोले "दुध उत्पादक कृषकका लागि दुध उत्पादन, संकलन तथा बिक्रिमा आधारित अनुदान वितरण कार्यविधि, २०८२" बनाई अनुदान वितरण प्रक्रियालाई व्यवस्थित, सरल, प्रभावकारी तथा पारदर्शी बनाउन यो कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

४. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोष, थापाथली, काठमाडौंको प.सं. २०८१/०८२, च.नं.७८७ मिति २०८२/०२/१६ को पत्रानुसार स्थानीय सञ्चित कोषबाट पारिश्रमिक पाउने प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउनको लागि "नौकुण्ड गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधरित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२" पारित गर्ने निर्णय गरियो ।

५. नौकुण्ड गाउँपालिका उद्योग विकास शाखाको स्वीकृत कार्यक्रम उद्यमीहरुका लागि ५० प्रतिशत अनुदानमा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्न विभिन्न मितिमा प्रकाशित सुचना अनुसार तपसिल बमोजिमका उद्यमीहरुले आवेदन पेश गरेको हुँदा मागको आधारमा तपसिल बमोजिमका फर्महरुलाई छनौट गर्ने निर्णय सर्वसम्मतीमा पारित गरियो ।

मितिः २०८२/०९/२३ कार्यपालिका बैठक संख्याः- ६

तपसिलः

| क्र.स. | उद्यम व्यावसायको नाम | संचालकको नाम | छनौट भएको प्रबिधि | कार्यलयबाट हुने अधिकतम भुक्तानी |
|---|---|---|---|---|
| १. | मुलखर्क कृषि तथा पशुपन्छि फर्म | दावा सिदार तामाङ | १. क्रिम सेक्टर १ थान<br>२. डिजिटल तराजु १०० के.जी १ थान<br>३. ३० लि. दुध बोक्ने क्यान २ थान | ३६००० |
| २. | नाङकि कृषि तथा पशुपन्छि फर्म | निमा लोप्चन | १. संरक्षित संरचनामा ६*१२ मि. को ग्रिन हाउस निर्माण (प्रबिधि मैत्री) | ५०००० |
| ३. | सन्देश कृषि तथा पशुपन्छि फर्म | सोमे मोक्तान | १. ड्रम १००० लि. २ पिस<br>२. पाइप ३२ र २० एम.एम ५००/५०० मि<br>३. मिनि टिलर (टयक्टर) १ वटा | ६३००० |
| [illegible] | न्यौपाने पशु तथा कुखुरा फर्म | हरी प्रसाद न्यौपाने | १. २००० कुखुरा पालनको लागि आवश्यक स्वचालित पनी दिने भाँडा पाईप ड्रम लगाएत सामाग्रीहरु | ४०००० |
| ५ | थाङदोर कृषि पशुपन्छि तथा माछापालन फर्म | हिरा लामा | १. संरक्षित संरचनामा ६*१२ मि. को ग्रिन हाउस निर्माण (प्रबिधि मैत्री) | ५०००० |
| ६ | बिनु किराना पसल | बुद्धि मान गलान | १. ३०० लि. डि फ्रिज १ थान<br>२. डिजिटल तराजु १०० के.जी १ थान | ३५००० |
| ७ | सोनाक्षि कृषि तथा पशुपन्छि फर्म | नवराज न्यौपाने | १. २००० कुखुरा पालनको लागि आवश्यक स्वचालित पनी दिने भाँडा पाईप ड्रम लगाएत सामाग्रीहरु | ४०००० |
| ८ | मान कृषि तथा पशुपन्छि फर्म | मान बहादुर थोक्रा तामाङ | १. क्रिम सेक्टर १ थान<br>२. ३०० लि. डि फ्रिंज १ थान<br>३. ४० लि. दुध बोक्ने क्यान २ थान<br>४. दुर्खा थिच्ने मेसिन १ थान | ३८००० |
| ९ | एस.के सिम्बन्दी पशुपंक्षि तथा कृषि फर्म | सुर्य बहादुर थोक्रा | १. क्रिम सेक्टर १ थान<br>२. ३०० लि. डि फ्रिज १ थान<br>३. ४० लि. दुध बोक्ने क्यान २ थान | ३६००० |

६. नौकुण्ड गाउँपालिका महिला बिकास शाखाको स्वीकृत कार्यक्रम दलित व्यवसायका लागि ७५ प्रतिशत अनुदानमा प्रबिधि हस्तान्तरण कार्यक्रम संचालन गर्न बिभिन्न मितिमा प्रकाशित सुचना अनुसार तपसिल बमोजिमका उद्यमीहरुले आवेदन पेश गरेको हुँदा मागको आधारमा तपसिल बमोजिमका फर्महरुलाई छनौट गर्ने निर्णय सर्वसम्मतीमा पारित गरियो ।

तपसिलः

CamScanner

मिति: २०८२/०९/२३ कार्यपालिका बैठक संख्या:- ६

| क्र.स. | उद्यम व्यावसायको नाम | संचालकको नाम | छनौट भएको प्रविधि | कार्यलयबाट हुने अधिकतम भुक्तानी |
|---|---|---|---|---|
| १. | श्री चण्डेश्वरी कृषि तथा अजार उद्योग | राम बहादुर बिश्वकर्मा | १. काठ कटिङ मेसिन १ थान<br>२. ग्रन्डर मेसिन १ थान<br>३. जस्ता ७ वन्डल | ४६००० |
| २. | थापाडाँडा आरन फर्म | धन कुमारी बिश्वकर्मा | १. ग्रन्डर मेसिन १ थान<br>२. काठ कटिङ मेसिन १ थान<br>३. जस्ता ३ वन्डल<br>४. फोरुवाको चँदे बनाउने फलाम ५० पिस | ४६००० |
| ३. | पार्च्याङ वि.क. टोल आरन फर्म | मान कुमारी बि क | १. ग्रन्डर मेसिन १ थान<br>२. १६ नं. घट्ट फुल हाउजिङ १ थान<br>३. काठ कटिङ मेसिन १ थान | ४६००० |
| [illegible]. | लालिगुराँस आरन फर्म | कृष्ण बहादुर कामी | १. ड्रिल मेसिन १ थान<br>२. रुख काट्ने मेसिन १ थान<br>३. काठ १ थान<br>४. जस्ता ४ वन्डल | ४६००० |

७. यस नौकुण्ड गाउँपालिका लाई सङ्घीय सशर्त अनुदानको रुपमा प्राप्त भएको & quota आ.ब २०८२/०८३ मा आलु बालिको नयाँ पकेट विकास कार्यक्रम & quota संचालनको लागि १ वटा कृषि सहकारी तथा ३ वटा कृषक समुह को आवेदन प्राप्त भएको र सो आवेदन उपर प्राविधिक रुपमा फिल्ड स्तरको अनुगमन गरी प्राप्त प्रतिवेदन लाई आधार मानि तथा स्थानिय स्तरका जनप्रतिजिधिको राय सल्लाह सुझाव को आधारमा जाँचि बुझी हेर्दा नादङ्गार कृषि सहकारी सस्था लिमिटेड नौकुण्ड-१ र नव समृदी कृषक समुह, नौकुण्ड-६ लाई नयाँ आलुपकेट कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

८. सामाजिक विकास मन्त्रालय, हेटौंडाबाट गृहणी महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नको लागि प्रस्तावना माग भई आएकोमा यस गाउँपालिकाबाट गृहणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत रहेर महिलाहरुका मागको आधारमा सिप विकास तालिमका साथै प्रबिधि र वजारीकरणमा सहयोग गर्दै क्षमता बिकास गराउन गृहणी महिलाको अत्याधिक मागमा रहेको तालिम: होजियारी तालिम, बाँसजन्य सामाग्री बनाउने मुडा लगाएत अन्य सामाग्रीहरु बनाउने सीपमूलक तालिम) लगायतका कार्यक्रमहरु सञ्चालनको लागि ५० प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

९. आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत 'तामाङ ल्होसार तथा संस्कृति कार्यक्रम, नौकुण्ड-१' सञ्चालनको लागि विनियोजित ६ लाख बजेटको अधिनमा रहेर खर्च गर्ने गरी सुनौलो बिहानी युवा क्लब नौकुण्ड-१, रसुवाले मिति २०८२/०९/२२ गते पेश गरेको प्रस्तावना स्वीकृत गरी सम्झौता सहित कार्यदिश प्रदान गर्ने निर्णय गरियो ।

CamScanner